जोरायल राजपत्र

जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५   संख्या १५   मितिः 2078 फागुन 26

भाग- २

जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

आधारभुत तह आवासिय विद्यालय संचालन कार्यविधि, २०७८

आधारभुत तह आवासिय विद्यालय संचालन कार्यविधि, २०७८

स्विकृत मितिः-2078/11/25

प्रस्तावना

नागरिकले राज्यबाट आधारभुत तहको शिक्षा अनिवार्य र नि:शुल्क तथा मा.वि. तहको शिक्षा नि:शुल्क पाउने संवैधानिक प्रावधान अनुसार यस जोरायल गाउँपालिका भित्रका संचालित सामुदायिक विद्यालयहरुलाई आवासिय विद्यालयको सुविधा उपलव्ध गराई गुणस्तरिय शिक्षाको निम्ति यस जोरायल गाउँपालिकाको प्रत्येक आर्थिक बर्ष बार्षिक कार्यक्रम समेतको कार्यान्वयन तथा (अनुदान निकासा) गर्न बान्छनिय भएको हुँदा नियमानुसार आवासिय विद्यालय अनुमति प्राप्त गरि संचालनमा आएको यस क्षेत्रको उत्कृष्ट विद्यालयको हकमा यो कार्यविधि मार्फत आवासिय कार्यक्रम लागु गरिएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :- क) आवासिय विद्यालय संचालन कार्यविधि, २०७८ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२) परिभाषा : विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) आवासिय विद्यालय भन्नाले सामुदायिक विद्यालयहरुमध्ये बाट आवास सुविधा सहित पठनपाठनको व्यवस्था भएको सम्झनु पर्दछ ।

ख) आवासिय विद्यालय निर्देशक समिति तथा संचालन समन्वय समिति : भन्नाले यस कार्यविधिको दफा ३ अनुसार गठित समितिलाई सम्झनु पर्दछ ।

ग) कार्यक्रम भन्नाले यस जोरायल गाउँपालिका अन्तरगत संचालित आवासिय विद्यालय संचालन अनुदान कार्यक्रमलाई सम्झनु पर्दछ ।

घ) छात्रावास व्यवस्थापन समिति भन्नाले यस कार्यविधिको दफा ६ अनुसार गठित समितिलाई सम्झनु पर्दछ ।

ङ) आवासिय कार्यक्रम: भन्नाले आवासिय विद्यालयको विनिमय अनुसार निति योजना निर्णयलाई सम्झनु पर्दछ ।

च) आवासिय कार्यक्रम संयोजक भन्नाले आवासिय विद्यालय संचालन भैरहेको विद्यालयको विनिमय बमोजिम विद्यालयको वि.व्य.समिति को निर्णय अनुसार सोहि विद्यालयको आवासिय विद्यालय संचालन गर्न समन्वयात्मक कार्यको प्रमुख जिम्मेवारी लिने वरिष्ठ शिक्षक प्र.अ. मध्ये कुनै वा (कुनै एक) तोकिएको व्यक्ति सम्झनु पर्दछ ।

छ) "गाउँपालिका" भन्नाले यस कार्यविधिको हकमा जोरायल गाउँपालिका सम्झनु पर्दछ ।

ज) वार्ड भन्नाले यस कार्यविधिको हकमा आवासिय विद्यालय संचालन भैरहेको सम्बन्धित वडालाई सम्झनु पर्दछ ।

झ) छाप भन्नाले विद्यालयको निर्णय अनुसार आवासिय विद्यालय संचालन भएको विद्यालयको लोगो सहितको छापा अथवा निर्णय अनुसार छपाईएका छाप सम्झनु पर्दछ ।

कार्यविधि समयावधि : गाउँपालिका र आवासिय विद्यालय संचालन समिति तथा व्यवस्थापन समितिको आपसि सम्झौता अनुसार हुनेछ ।

परिच्छेद-२

उद्धेश्य :- यस कार्यविधिको उद्धेश्यहरु देहाय बमोजिम रहेको छ ।

क) गाउँपालिका भित्र आधारभुत तह (कक्षा १-८) आवासिय कक्षाको व्यवस्थापनमा आवासको लागि आवश्यक पुर्वाधार भएको (श्री जनप्रिय आधारभुत चौकी) आवासिय विद्यालय संचालनका लागि मापदण्ड अनुरुप एकिन गरी छनौट गर्ने ।

ख) आवासिय विद्यालयबाट प्राप्त हुने सेवा सर्त र सुविधा निर्धारण गर्नु।

ग) आवासिय विद्यालयको रेखदेख र गुणस्तर सुनिश्चित गर्नु ।

घ) विद्यालयदेखि टाढा बस्ती भएका बालबालिकाहरुलाई उचित सुविधा सहितको आवासिय विद्यालय स्थापना गरी नियमानुसार संचालन गर्नु ।

ङ) आवासिय विद्यालयको आवश्यक व्यवस्थापन तथा संचालन वाफत विद्यालयको तर्फबाट प्रत्येक बर्षको योजना माग भई सिफारिस अनुसार एकमुष्ट रकम बिनियोजित गर्ने ।

परिच्छेद-३

आवासिय विद्यालय निर्देशक समिति तथा समन्वय समितिको व्यवस्था

आवासिय विद्यालय निर्देशक समिति : कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न देहाय बमोजिम एक आवासिय विद्यालय निर्देशक समिति रहने छ ।

१) गा.पा. अध्यक्ष — निर्देशक समिति अध्यक्ष (संयोजक)

२) सम्बन्धित वडा अध्यक्ष — १ जना सदस्य

३) प्रमुख प्रशासकीय अधिकृत — १ जना सदस्य

४) लेखा अधिकृत — १ जना सदस्य

५) सम्बन्धित आवासिय विद्यालयको प्रधानाध्यापक १ जना सदस्य

६) सम्बन्धित आवासिय विद्यालयको संयोजक (वरिष्ठ शिक्षक) १ जना सदस्य

७) शिक्षा शाखा प्रमुख — सदस्य सचिव

आवासिय विद्यालय निर्देशक समितिको काम कर्तव्य र अधिकार

क) आवासिय विद्यालय संचालन सम्बन्धि निति निर्माण गर्ने ।

ख) आवासिय विद्यालयको आवश्यकता अनुसार विनिमय स्वीकृत गर्ने ।

ग) कार्यविधि बमोजिमको मापदण्ड पुरा गर्ने आवासिय विद्यालयको प्रस्ताव स्वीकृत गर्ने र आवासिय विद्यालयको अनुगमन गर्ने गराउने ।

घ) शैक्षिक गुणस्तर वृद्धि गर्ने (सुनिश्चित गर्न) आवश्यक कार्य गर्ने ।

ङ) आवासिय विद्यालयको छनौट गर्ने स्वीकृत गर्न ।

च) आवासिय विद्यालयको अनुगमन गर्ने गराउने ।

छ) आवासिय विद्यालयको संरचनाको लागि अनुदान रकम निकासा दिनका लागि सिफारिस गर्ने ।

ज) अन्य आवश्यकता अनुसार निति नियम निर्माण गरी लागु गर्ने ।

झ) आवासिय विद्यालय संचालन अनुगमन र मूल्याङ्कन गरी पृष्ठपोषण दिने ।

ञ) आवासिय विद्यालय संचालन सम्बन्धि सरोकारवालालाई निर्देशन दिने ।

ट) आवासिय विद्यालयको आचार संहिता र शैक्षिक गुणस्तर को अनुगमन गर्ने ।

ठ) आवासिय विद्यालय संचालनमा सम्बन्धित वडासँग समन्वय गर्ने ।

ड) जिल्ला, प्रदेश र सम्बन्धित मन्त्रालय (सामाजिक विकास मन्त्रालय) बाट तोके बमोजिमको अन्य कार्य गर्ने गराउने ।

ढ) आवासिय विद्यालयको विकासका लागि सम्बन्धित मथिल्लो निकाय जिल्ला, प्रदेश, केन्द्रसँग आवश्यक समन्वय गर्ने ।

परिच्छेद-४

आवासिय विद्यालय छनौट प्रस्ताव तथा न्यूनतम आधार सम्बन्धि व्यवस्था

क) आवासिय विद्यालय छनौटका लागि प्रस्ताव माग गरी आवश्यक व्यवस्था मिलाउने ।

ख) यस जोरायल गाउँपालिकाबाट आवासिय विद्यालय संचालनका लागि सम्बन्धित विद्यालयबाट प्रस्ताव माग गर्नेछ

आवासिय विद्यालय छनौटको न्यूनतम आधार छनौटका लागि न्यूनतम आधार हुनुपर्नेछ ।

क) जग्गा कम्तिमा १३ रोपनी (करिब १ बिगाहा) वा आवश्यकता अनुसारको लागि सम्बन्धि विद्यालय वडाबाट सिफारिस भएको हुनुपर्नेछ ।

ख) कक्षा १-८ सम्म संचालन भएको विद्यालय हुनुपर्नेछ ।

ग) सम्बन्धित वडा वि.व्य.स. र स्थानीय तहले साझेदारी गर्ने निर्णय गरेको हुनु पर्नेछ ।

परिच्छेद -५

आवासिय विद्यालय संचालन विनिमय सम्बन्धि व्यवस्था विनिमय सम्बन्धि व्यवस्था आवासिय विद्यालय संचालन गर्न विद्यालयले आवासिय विद्यालय संचालन सम्बन्धि विनिमय बनाउनु पर्नेछ ।

(उपदफा १ बमोजिम) उपरोक्त बमोजिम निर्माण गरिने विनिमयमा देहाय बमोजिम बिषय क्षेत्रहरु समेटिनु पर्नेछ ।

प्रस्तावना

१) भौतिक सुविधा सम्बन्धि ।

२) आवासिय विद्यालय सम्बन्धि व्यवस्था ।

३) छात्रावास संचालन सम्बन्धि व्यवस्था ।

४) आवासिय विद्यालयको रेखदेख संयन्त्र ।

५) शिक्षक विद्यार्थी आचारसंहिता ।

६) विद्यार्थी भर्ना ।

७) विद्यालय सहयोग : खाना, खाजा, सामाग्री तथा अन्य व्यवस्था ।

८) शिक्षक कर्मचारीको सेवा शर्त सुविधा ।

९) शैक्षिक शुसासन तथा पठनपाठन ।

१०) स्रोत व्यवस्थापन ।

११) आर्थिक कार्य प्रणाली सामाजिक परिक्षण ।

१२) गुनासो व्यवस्थापन ।

१३) शिक्षक विद्यार्थीको सरसफाई, स्वास्थ्य सम्बन्धि व्यवस्था ।

१४) खास गरि प्राथमिक तहका बालबालिकाको लागि आवासिय विद्यालय भएकोले मनोविज्ञानमा आधारित बालमैत्री कक्षा, व्यवहार मा आधारित क्रियाकलाप (निर्माण, आवास, शिक्षा, स्वास्थ्य) गर्ने ।

प्रतिवेदन (समिक्षा)

आवासिय विद्यालयको संचालन विनिमय विद्यालय व्यवस्थापन समितिबाट पारित गराई स्थानीय तहको स्वीकृतिमा नियम स्वीकृत गराई लागु गर्नु पर्नेछ । अथवा प्रस्ताव पत्र पेश गर्दाको बखतमा नियमानुसार पेश गरी सक्नु पर्नेछ।

परिच्छेद-६

छात्रावास संचालन सम्बन्धि व्यवस्था प्रस्ताव

छात्रावास संचालन गर्नु प्रत्येक आर्थिक बर्षमा गाउँसभा मार्फत माग अनुसार मूल्याङ्कनको आधारमा बजेट विनियोजन गरी आवश्यक शैक्षिक जनशक्ति तथा पूर्वाधारका लागि पहल गर्ने ।

छात्रावास संचालन सम्बन्धि व्यवस्था

छात्रावास संचालनका लागि न्यूनतम सर्त: छात्रावास संचालन गर्ने विद्यालयले देहाय बमोजिमका न्यूनतम सर्त पुरा गरेको हुनु पर्नेछ।

१) छात्रावासको स्थान :

क) छात्रावासमा सुरक्षाको राम्रो प्रवन्ध गरिएको छ /छैन ।

ख) छात्रावासमा विपत्त तथा वातावरणिय व्यवस्थापन (भुकम्प, बाढी, पहिरो, आगलागी, वन्यजन्तुको आक्रामण, न्यून जोखिम भएको तथा औधोगिक उत्पादन, रासायनिक र ध्वनी प्रदुषणको कम) लाई ध्यान दिएको हुनु पर्नेछ ।

ग) छात्रावास सडक सुविधा भएको हुनुपर्दछ ।

२) छात्रावास परिसरमा सुरक्षाको प्रवन्ध :

क) छात्रावासमा सुरक्षित घेरवारको व्यवस्था भएको हुनुपर्नेछ।

ख) छात्रावासको प्रवेशद्धवारमा सङ्केत गर्ने घण्टीको व्यवस्था हुनुपर्नेछ ।

ग) विद्यालय छात्रावास वरपर बत्तिको व्यवस्था भएको हुनुपर्नेछ ।

३) शिक्षण भवन र छात्रावास भवन :

क) विद्यालयको शिक्षणका लागि छुट्टै भवन र छात्रावासमा छात्र छात्राको लागि छुट्टा छुट्टै भवनको व्यवस्था हुनुपर्ने ।

ख) भवन तथा ढोकाहरुको साईज कम्तिमा ल. ६.५ फिट र चौडाई ३.५ फिटको हुनुपर्नेछ ।

ग) विद्यालयको छात्रावास तथा आवासिय कोठाहरुको ढोका, झ्याल, दराज आदिमा अपाङ्गता मैत्रीका साथै बालबालिकाको सहज पहुँच र सुरक्षित हुने गरी व्यवस्थापन गरिएको हुनुपर्नेछ।

घ) विद्यालयले आकस्मिक विपद्को अवस्थामा निकासा दिन सुरक्षित भऱ्याङ तथा विपद् तयारी औजारको व्यवस्था हुनुपर्नेछ ।

४) बसाई व्यवस्थापन :

क) शैक्षिक कार्यको अतिरिक्त आवासामा विद्यालयले कोठाभित्र टेबुल, कुर्सी, ऱ्याक, दराज, विद्यार्थीका लागि छुट्टा छुट्टै पलङ, तन्ना तकिया मौसम अनुसारको कपडा र झुलको व्यवस्थापन गरिएको व्यवस्थापन गरिएको हुनुपर्नेछ ।

५) शौचालय तथा सरसफाई

क) विद्यालयको शैक्षिक भवन तथा आवासका लागि छात्रावासको छुट्टा छुट्टै शौचालयको व्यवस्था हुनुपर्नेछ ।

ख) शिक्षक विद्यार्थीहरुको सरसफाई र स्वाव्लम्वि अन्य व्यवस्था छात्रावास व्यवस्थापन समिति : आवासिय विद्यालयका छात्रावास संचालन र रेखदेख गर्नको लागि देहाय बमोजिमको छात्रावास व्यवस्थापन समिति रहनेछ।

ग) आवासिय विद्यालयको संचालन : विनिमय विद्यालय व्यवस्थापन समितिबाट पारित गराई स्थानीय तहको सिफारिसमा स्वीकृति गरी लागु गर्नुपर्नेछ ।

छात्रावास संचालन सम्बन्धि व्यवस्था

छात्रावास व्यवस्थापन समिति : आवासिय विद्यालयमा छात्रावास संचालन तथा रेखदेख गर्नको लागि देहाय बमोजिमको व्यवस्थापन समिति रहेनेछ ।

१) विद्यालय व्यवस्थापन समिति अध्यक्ष -संरक्षक

२) शिक्षक अभिभावक संघ अध्यक्ष -सल्लाहकार

३) छात्रावासमा भर्ना भएका विद्यार्थीको अभिभावक मध्येबाट -१ जना सदस्य

४) सम्बन्धि वि.व्य. स. बाट मनोनित गरी पठाईएको महिला सदस्य -१ जना

५) सम्बन्धित विद्यालय प्रधानाध्यापक -सदस्य

६) विद्यालयले निर्माण गरेको विनिमयद्धारा सिफारिस वरिष्ठ शिक्षक - संयोजक

७) छात्रावास वार्डन प्रमुख (फोकल पर्सन) सचिव - सदस्य सचिव

८) छात्रावास व्यवस्थापन समितिको मनोनित सदस्यको पदावधि संयोजक बाहेक १ आर्थिक बर्षको हुनेछ ।

९) संयोजक पदावधि विद्यालय व्यव्थापन समितिको निर्णय अनुसार विनिमय बमोजिम सिफारिस भएको बरिष्ठ शिक्षक वा प्र.अ. कम्तिमा ३ बर्षको हुनेछ । रिक्त पद पुर्ति गर्ने परेमा चालु अवधि का लागि समितिको निर्णयानुसार गरिनेछ ।

छात्रावास व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

छात्रावास व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार आवश्कयता अनुसार विनियम निर्माण गरी वि.व्य.स. र सम्बन्धित निकायमा स्वीकृत गराई नियमानुसार लागु गर्ने व्यवस्था गर्नु व्यवस्था गर्नु पर्नेछ । समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१) छात्रवासमा राखिने विद्यार्थी सुरक्षा र सुविधा एकिन गर्ने ।

२) छात्रावासको सामाग्रीको रेखदेख राख्ने ।

३) विद्यार्थीको अभिलेख राख्ने ।

४) छात्रावास रेखदेख गर्ने कर्मचारीको व्यवस्था गर्ने ।

५) पठनपाठनको अनुगमन गर्ने।

६) अनुशासनयुक्त सिकाई वातावरणको निर्माण गर्ने ।

७) छात्रावासका विविध गतिविधि बारे सारोकारवालालाई जानकारी गराउने ।

ट) प्रचलित कार्यविधिको प्रयोग गरी आय व्यायको हिसाव राख्ने वि.व्य.स. बाट समर्थन गराउने ।

छात्रावास संचालन सम्बन्धि व्यवस्था : आवासिय विद्यालयले र विद्यालय बिच सम्झौता गरी छात्रावास संचालन गर्नु पर्नेछ।

क) विद्यालय र आवासको शौचालयमा सरसफाई र पानीको प्रबन्ध गरिएको हुनुपर्नेछ ।

ख) शौचालयमा छात्राहरुलाई स्यानेटारीप्याडको व्यवस्था गर्ने प्रावधान भएको हुनु पर्नेछ ।

छात्रावास संचालन सम्बन्धि व्यवस्था

आवासिय विद्यालयले स्थानीय तह (शिक्षा शाखा) र विद्यालय विच सम्झौता गरी छात्रावास संचालन गर्नु पर्नेछ । छात्रावास संचालनका लागि न्यूनताम शर्त देहाय बमोजिम हुनु पर्नेछ ।

क) छात्रवासको स्थान :

ख) सुरक्षाको प्रवन्ध :

ग) भवनको व्यवस्था (शिक्षण, छात्रावास, पुस्तकालय, बसाई व्यवस्थापन) अन्य व्यवस्था

घ) सरसफाई अन्य भौतिक व्यवस्था

ङ) सन्तुलित खानाको व्यवस्था स्वास्थ्य उपचारको व्यवस्था सुरक्षाको व्यवस्था बाल संरक्षण आचार संहिता ।

च) अतिरिक्त/खेलकुद/मनोरंजन/अन्य व्यवस्था – उपरोक्त व्यवस्था शुरुमा प्रस्ताव पत्रमा उल्लेख गरि अनुसार गर्ने ।

परिच्छेद-७

आवासिय विद्यालयको गुरुयोजना निर्माण र स्वीकृति प्रक्रिया

आवासिय विद्यालयले देहायका कागजात समेत संलग्न हुने गरि विद्यालय निर्माणको गुरुयोजना निर्माण गरि वि.व्य.स. को निर्णय र वडाको सिफारिस सहित शिक्षा शाखाको स्वीकृत सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ।

Architecture Drawing
Structural Drawing
Electrical Drawing
Sanitary Drawing
Cost analysis Drawing
प्रयोग भैरहेको विद्यालय भवनको हकमा विद्यालयको विद्यालय व्यवस्थापन समिति को निर्णय अनुसार स्थानीय तहबाट गुरुयोजना स्वीकृत गराउनु पर्नेछ ।

आवासिय विद्यालय गुरुयोजना मूल्याङ्कन समिति :

देहाय बमोजिमको आवासिय विद्यालय गुरुयोजना मूल्याङ्कन समिति रहनेछ ।

१) गाउँपालिका उपाध्यक्ष -संरक्षक
२) सम्बन्धित गाउँपालिका योजना प्रमुख -संयोजक
३) शिक्षा शाखाबाट तोकिएको १ जना सदस्य
४) प्राविधिक तर्फ ईन्जिनियर -सदस्य
५) शिक्षा युवा तथा खेलकुद शाखा प्रमख -सदस्य सचिव

आवासिय विद्यालय गुरुयोजना मूल्याङ्कन समितिले बालाबालिका तथा स्वास्थ्य शाखा प्रमुख र अन्य कुनै एक जना विज्ञलाई आवश्यकता अनुसार विद्यालय गुरुयोजना मूल्याङक्न समितिमा आमन्त्रण गर्न सकिनेछ ।
आवासिय विद्यालय गुरुयोजना मूल्याकन समितिको काम, कर्तव्य र अधिकार :

१) गुरुयोजनाको मूल्याङक्न ढाँचा निर्माण गर्ने ।
२) मूल्याङ्कन गरि प्रतिवेदन तयार गर्ने ।

परिच्छेद-८

१) <u>आवासिय विद्यालयले बनीबनाउ संरचनाको प्रयोग गर्न सम्बन्धि व्यवस्था :</u>

➢ आवासिय विद्यालय संचालन गर्ने विद्यालयको देहाय बमोजिमको प्रक्रिया पुरा गरे मात्र बनिबनाउ संरचनालाई आवासिय विद्यालयको रुपमा प्रयोग गर्नेपर्छ ।

- उपयुक्त डिजाईन सहित डि.पि.आर. (DPR) भए पेश गर्ने सो नभए प्राविधिक परिक्षण गरी स्थानीय तहबाट अनुमति लिई वा विद्यालय व्यवस्थापन समिति निर्णय गरी आवासगृह संचालन गर्ने ।

२) आवासिय विद्यालय व्यवस्थापन : व्यवस्थापनमा स्थानीय तहले एकमुष्ठ अनुदानका लागि कम्तिमा १५ लाख नघट्ने गरी र अन्य आवश्यकता माग गरिए अनुसार मूल्याङ्कन गरी उचित रकमको व्यवस्था गरिनेछ ।

उक्त रकम देहाय बमोजिमको खर्च गर्न सक्नेछ ।

- विद्यार्थी आवास, खाना खाजा, सरसफाई लागि ।
- अध्ययन, अध्यापन, अतिरिक्त क्रियाकलाप, मनोरंजन शैक्षिक भ्रमण लागि ।
- प्राथमिक उपचार ट्युसन, तालिम लागि।
- थप शिक्षक कर्मचारीको व्यवस्था लागि ।
- उर्जा ईन्धन तथा सौर्य उर्जाको लागि।
- खानेपानीको लागि ।
- पुस्तकालय ल्याव निर्माण र सुदृढिकरण ।
- यातायात, संचार तथा सुरक्षाको लागि।
- अन्य आवश्यक भैपरी आउने कार्य तथा कार्यक्रमको लागि ।

उपरोक्त विषय शिर्षक अनुसारको रकम खर्च गर्दा प्रचलित ऐन नियमको परिधि भित्र रही आवासिय कार्यक्रमको विनिमय बमोजिम गठन भएको आवासिय कार्यक्रम संचालन समिति तथा विद्यालय व्यवस्थापन समिति को निर्णयबाट अनुसार खर्च गर्नु पर्नेछ ।

कार्यक्रम संचालन गर्न प्रस्ताव पेश गर्ने विद्यालयले विद्यालय व्यवस्थापन समिति को सम्बन्धित वडाको सिफारिस सहित साझेदारी सम्बन्धि निर्णय सहितको प्रतिवद्धता पत्र पेश गर्नु पर्नेछ ।

३) अनुदान निकाशा र खर्च प्रक्रिया

छनौट भएको विद्यालयलाई स्थानीय तह गाउँपालिकाले कार्यक्रम व्यवस्था, अनुगमन, मूल्याङ्कन गरी माग भए अनुसार सम्झौता अनुसारको

विनियोजित रकममा नियम अनुसार कट्टा गरी विद्यालयको खातामा बाँकी एकमुष्ठ अनुदान रकम निकाशा गर्नु पर्नेछ । आवासिय विद्यालय संचालन गर्ने विद्यालयमा समबन्धित निकायबाट प्राप्त रकम खर्च गर्दा प्रचलित ऐन नियम अनुसार गर्नु पर्नेछ ।

परिच्छेद-९

१) लेखा तथा खेला परिक्षण सम्बन्धी व्यवस्था

अनुदान खर्चको लेखा राख्रेर लेखा परिक्षण गराउने जिम्मेवारी अनुदान ग्राही विद्यालयको हुनेछ । साथै आर्थिक बर्ष समाप्त भएको १०० दिन भित्र लेखा परिक्षण गराई गाउँपालिकामा प्रतिवेदन पठाउनु पर्नेछ ।

२) बाधा अड्कन फुकाउने अधिकार कार्यविधि कार्यान्वयन गराउने गर्ने क्रममा बाधा अड्कन परेमा सम्बन्धित यस गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

३) अनुसूचि हेरफेर

निर्देशक समितिको निर्णयानुसार कार्यक्रम (अनुदान रकम) कार्यान्वयनका लागि वा अन्य विनिमय कार्यान्वयनका लागि अनुसूचिहरुमा आवश्यकता अनुसार थपघट संशोधन गर्न सक्ने छ ।